उमाकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८३/०८४
चलानी नंः ११६६

दावी विरोध सम्बन्धी सार्वजनिक सूचना ।

भोटेकोशी बाढीमा परी बेपत्ता भएका व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने सम्बन्धमा

प्रथम पटक प्रकाशित सूचना मिति : २०८३/०७/१२

नेपाल सरकार, गृह मन्त्रालयबाट जारी रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रकृया, २०८३ बमोजिम सम्बन्धित वडा कार्यालयबाट प्राप्त निवेदन तथा कागजातका आधारमा आवश्यक जाँचबुझ गर्दा देहायका व्यक्तिहरु भोटेकोशी बाढीमा परी बेपत्ता भएको विवरण यकिन भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

देहाय :

क्र.स	बेपत्ता व्यक्तिको नाम थर	ठेगाना	बेपत्ता भएको मिति तथा स्थान	कैफियत
१	मधु कुमार कार्की	उमाकुण्ड गा.पा. वडा नं. ३ कुबुकास्थली	२०८३/०५/१० टिमुरे रसुवा	बेपत्ता
२	डिमा शेर्पा	उमाकुण्ड गा.पा. वडा नं. १ गुम्देल	२०८३/०५/१० अपर त्रिसुली-१ जलविद्युत आयोजना रसुवा	बेपत्ता

उपरोक्त विवरणका सम्वन्धमा कुनै व्यक्ति, हकवाला वा सरोकारवालालाई निजहरु जीवित रहेको, फेला परेको वा अन्य कुनै तथ्य/प्रमाण रहेको तथा प्रकाशित विवरणमा कुनै त्रुटि रहेको भए सोको आधार र प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिनभित्र उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रिति रामेछापमा लिखित रुपमा दावी-विरोध पेश गर्नुहुन अनुरोध गरिन्छ । तोकिएको म्यादभित्र कनै दाबी-विरोध प्राप्त नभएमा वा प्राप्त दाबी-विरोधउपर आवश्यक जाँचबुझ सम्पन्न भएपछि नेपाल सरकारबाट निर्धारित प्रकृया बमोजिम यकिन विवरण जिल्ल प्रशासन कार्यालय मन्थली रामेछापमा पठाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

.....

एकराज कुलुङ
प्रमुख प्रशासकीय अधिकृत

एकराज कुलुङ
प्रमुख प्रशासकीय अधिकृत
